# निकासी पैठारी नियमहरू, २०३४

नेपाल राजपत्रमा प्रकाशित मिति

२०३४।१२।१८

संशोधन

| | | |
|---|---|---|
| १. | निकासी पैठारी (पहिलो संशोधन) नियमहरू, २०४० | २०४०।११।१५ |
| २. | निकासी पैठारी (दोस्रो संशोधन) नियमहरू, २०५६ | २०५६।९।२६ |
| ३. | निकासी पैठारी (तेस्रो संशोधन) नियमहरू, २०६० | २०६०।११।२५ |
| ४. | निकासी पैठारी (चौथो संशोधन) नियमहरू, २०७० | २०७०।१।३० |

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "निकासी पैठारी नियमहरू, २०३४" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,–

(क) "ऐन" भन्नाले "निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३" सम्झनु पर्छ।

(ख) "तोकिएको मालवस्तु" भन्नाले इजाजतपत्र नलिई निकासी वा पैठारी गर्न नपाउने गरी नेपाल सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ अन्तर्गत नेपाल राजपत्रमा सूचना प्रकाशित गरी निकासी पैठारीमा नियन्त्रण गरेको मालवस्तु सम्झनु पर्छ।

(ग) "इजाजपत्र" भनाले तोकिएको मालवस्तु निकासी वा पैठारी गर्न नियम ४ बमोजिम जारी गरिने इजाजतपत्र सम्झनु पर्छ।

▶-घ) "महानिर्देशक" भन्नाले वाणिज्य विभागको महानिर्देशक सम्झनु पर्छ।

▶ तेस्रो संशोधनद्वारा संशोधित।

-ङ) “फर्म” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका फर्म सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम दर्ता भएको साझेदारी फर्म समेत जनाउँछ।

३. **इजाजतपत्र जारी गर्ने अधिकारी**: (१) यी नियमहरू बमोजिम इजाजतपत्र जारी गर्ने अधिकारी महानिर्देशक हुनेछ।

(२) उप–नियम (१) बमोजिम इजाजतपत्र जारी गर्ने अधिकारीले आफ्नो अधिकार आफ्नो नियन्त्रण र निर्देशनमा आफ्नो मातहतको कर्मचारीद्वारा प्रयोग गर्न सक्नेछ।

४. **इजाजतपत्रको निमित्त दरखास्त दिंदाको कार्यविधिः** (१) तोकिएको मालवस्तु निकासी पैठारी गर्न इजाजतपत्र लिन चाहने व्यक्ति वा सरकारी कार्यालयले महानिर्देशक समक्ष निकासीको निमित्त भए अनुसूची-१ र पैठारीको निमित्त भए अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उप–नियम (१) बमोजिम इजाजतपत्र गरी गर्न मनासिब देखिएमा निकासीको निमित्त अनुसूची-३ र पैठारीको निमित्त अनुसूची-४ बमोजिमको ढाँचामा इजाजपत्र जारी गर्ने अधिकारीले इजाजतपत्र जारी गर्नेछ।

❒(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै खास किसिमको इजाजतपत्र जारी गर्नु पर्ने गरी नेपाल सरकारले कुनै सम्झौता गरेको रहेछ भने सोही बमोजिम इजाजतपत्र जारी गर्नु पर्नेछ।

५. **स्वीकृत नीतिको अधीनमा रही इजाजतपत्र जारी गरिने**: तोकिएको मालवस्तुको निकासी वा पैठारी गर्नको लागि इजाजतपत्र जारी गर्दा नेपाल सरकारले समय समयमा निर्धारण गरेको नीतिको अधीनमा रही इजाजतपत्र जारी गर्न सक्नेछ।

६. **इजाजतपत्र जारी हुने प्रयोजन**: तोकिएको मालवस्तुको निमित्त जारी हुने इजाजतपत्रहरू देहाय बमोजिम छुट्टा छुट्टै प्रयोजनको लागि हुनेछन्: —

(क) निकासी इजाजतपत्र :—

❒ दोस्रो संशोधनद्वारा थप ।

(१) व्यापारिक तात्पर्यको लागि औद्योगिक तथा व्यापारिक फर्म कम्पनी वा संस्थानको नाममा जारी हुने।

(२) निजी प्रयोगको निमित्त जारी हुने।

(३) नमूना, उपहार वा प्रचार प्रसारको उद्देश्यको निमित्त जारी हुने।

(४) फिर्ता वा मर्मत गर्न लगिने मालवस्तुको निमित्त जारी हुने।

(५) सरकारी कार्यालयको निमित्त जारी हुने।

(ख) <u>पैठारी इजाजतपत्र</u> :—

(१) सरकारी कार्यालय, सरकारी स्वामित्व भएका संस्थान तथा समिति र सो अन्तर्गतका आयोजनाको नाममा जारी हुने।

(२) सरकारी कार्यालय, सरकारी स्वामित्व भएका संस्थान तथा समिति अन्तर्गतका आयोजनाहरू सम्पन्न गर्नको निमित्त भएको ठेक्का पट्टा वा करारनामाको तात्पर्यको निमित्त जारी हुने।

(३) व्यापारिक तात्पर्यको लागि व्यापारिक फर्म, कम्पनी, संस्थानको नाममा जारी हुने।

(४) नाफाको उद्देश्य नभई परोपकारी, सामाजिक, धार्मिक, शैक्षिक तथा अन्य यस्तै कल्याणकारी कार्यको लागि कुनै संस्था वा प्रतिष्ठानहरूको नाममा जारी हुने।

(५) निजी प्रयोगको निमित्त जारी हुने।

(६) उद्योग, पर्यटन उद्योग, ट्राभल एजेन्सी वा यस्तै व्यवसाय सम्बन्धी फर्म वा कम्पनीको प्रयोगको निमित्त जारी हुने।

(७) नमूना उपहार वा प्रचार प्रसारको उद्देश्यको निमित्त जारी हुने।

७. **<u>व्यापारिक प्रयोजनको लागि जारी गरिने इजाजतपत्र:</u>** व्यापरिक प्रयोजनको लागि जारी गरिने निकासी वा पैठारीको इजाजतपत्र प्रचलित कानून बमोजिम दर्ता वा स्थापना भएको कम्पनी, फर्म वा नेपाल सरकारको अधिकांश स्वामित्व भएको सङ्गठित संस्थालाई मात्र जारी गरिनेछ।

नेपाल कानून आयोग

८. **<u>दरखास्त र इजाजतपत्रको दस्तुर</u> :** (१) निकासी वा पैठारी इजाजतपत्रको निमित्त दरखास्त दिँदा ▶<u>एकसय रूपैयाँ</u> दरखास्त दस्तुर लाग्नेछ।

(२) पैठारी इजाजतपत्रको निमित्त दरखास्त दिने व्यक्तिले जे जति मूल्य खुलाई इजाजतपत्रको लागि दरखास्त गरेको हो त्यस्तो मूल्य बापत देहाय बमोजिमको दरले हुने इजाजत दस्तुर दरखास्त साथ बुझाउनु पर्नेछः—

| <u>इजाजतपत्रमा उल्लेख गर्न चाहेको मूल्य</u> | <u>दस्तुर</u> |
| --- | --- |
| (१) रू. ५०००।- सम्मको निमित्त- | रू.२०।- |
| (२) रू. ५,०००।- भन्दा बढी रू.१०,०००।- सम्मको निमित्त- | रू.६०।- |
| (३) रू.१०,०००।- भन्दा बढी रू.२५,०००।- सम्मको निमित्त- | रू.१५०।- |
| (४) रू.२५,०००।- भन्दा बढी.५०,०००।- सम्मको निमित्त- | रू.३००।- |
| (५) रू.५०,०००।-भन्दा बढी रू.१,००,०००।- सम्मको निमित्त- | रू.६००।- |
| (६) रू.१,००,०००।- भन्दा बढी जतिसुकै मूल्यको निमित्त | खण्ड (५) को निमित्त तोकिएको दस्तुरमा प्रत्येक रू. १०,०००।-वा त्यस्को अंशको निमित्त रू.६०।- का दरले हुने जति रकम। |

(३) निकासी इजाजतपत्र जारी गर्न इजाजत दस्तुर लाग्ने छैन।

(४) उप—नियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मालवस्तुको पैठारी इजाजतपत्र बापत लाग्ने इजाजत दस्तुर सोही सूचना तोकिए बमोजिम हुनेछ।

नेपाल कानून आयोग

▶ तेस्रो संशोधनद्वारा संशोधित।

(५) कुनै दरखास्तवालाले इजाजतपत्र नपाउने भएमा दरखास्त दस्तुर बाहेक निजले बुझाएको इजाजत दस्तुर फिर्ता पाउनेछ।

(६) इजाजतपत्र हराएमा वा नासिएमा इजाजतपत्र प्राप्त व्यक्तिले सो कुरा उल्लेख गरी इजाजतपत्र जारी गर्ने अधिकारी समक्ष दरखास्त दिनु पर्छ र व्यहोरा मनासिब देखिएमा इजाजतपत्र जारी गर्ने अधिकारीले त्यसरी हराएको वा नासिएको इजाजतपत्रको प्रमाणित प्रतिलिपि दिन सक्नेछ। त्यसरी इजाजतपत्रको प्रमाणित प्रतिलिपि दिँदा नयाँ इजाजतपत्र सरह दस्तुर लाग्नेछ।

[α](७) यी नियमहरूमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी कार्यालय तथा भन्सार सुविधा प्राप्त व्यक्तिहरूको नाममा निकासी वा पैठारी इजाजतपत्र जारी गर्दा दरखास्त दस्तुर र इजाजत दस्तुर लाग्ने छैन।

९. **इजाजतपत्रको म्याद थप्ने वा अन्य व्यहोरा संशोधन गर्ने:** (१) इजाजतपत्रको म्याद निकासी पैठारी गरिने मालवस्तुको किसिम हेरी साधारणतः छ महिना र विशेष अवस्थामा एक वर्षमा नबढाई इजाजतपत्रमा तोकिए बमोजिम हुनेछ। इजाजतपत्र प्राप्त गर्ने व्यक्ति वा कार्यालयले इजाजतपत्रमा उल्लेख भए बमोजिमको मालवस्तु इजाजतपत्रको म्यादभित्र चलान गराई सक्नु पर्नेछ। तोकिएको म्यादभित्र त्यस्तो मालवस्तु चलाउन गराउन नसकेमा त्यसको कारण खुलाई थप म्यादको निमित्त दरखास्त दिएमा इजाजतपत्र जारी गर्ने अधिकारीले कारण मनासिब देखेमा एक पटकमा बढीमा छ महिनासम्मको लागि म्याद थप गर्न सक्नेछ। इजाजतपत्रमा तोकिएको म्यादभित्र वा म्याद थप भएकोमा सो थप म्यादभित्र इजाजतपत्र बमोजिमको मालवस्तु चलान नभएका त्यस्तो इजाजतपत्र स्वतः बदर हुनेछ।

(२) इजाजतपत्रको म्याद थप गर्ने बाहेक त्यस्तो इजाजतपत्रमा उल्लिखित अन्य कुनै व्यहोरा संशोधन गर्नु परेमा इजाजतपत्र प्राप्त व्यक्ति वा कार्यालयले त्यसको कारण खोली इजाजपत्र जारी गर्ने अधिकारी समक्ष दरखास्त दिनुपर्छ र व्यहोरा मनासिब देखिएमा इजाजतपत्र जारी गर्ने अधिकारीले इजाजतपत्रमा संशोधन गर्न सक्नेछ।

---

α चौथो संशोधनद्वारा संशोधित।

✱(३) यस नियम बमोजिम पैठारी इजाजतपत्रको म्याद थप गर्दा वा इजाजतपत्रमा उल्लेखित कुनै व्यहोरा संशोधन गर्दा लाग्ने दस्तुर नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ।

१०. **इजाजतपत्र जारी गर्दा प्राथमिकता दिइने :** (१) लगातार तीन वर्ष वा सो भन्दा बढी अवधिदेखि देशगत वा वस्तुगत विविधता ल्याई निकासी गर्ने व्यक्तिलाई इजाजतपत्र जारी गर्ने अधिकारीले प्रशंसापत्र दिन सक्नेछ। त्यस्तो प्रशंसापत्र प्राप्त गर्नेलाई निकासी इजाजतपत्र जारी गर्दा प्राथमिकता दिइनेछ।

(२) निकासीबाट आर्जन हुने विदेशी मुद्राको तोकिएको अंश बापत तोकेको मालवस्तु पैठारी गर्न नेपाल सरकारले समय समयमा निर्धारण गरेको नीतिको आधारमा प्राथमिकता दिई इजाजतपत्र जारी गरिनेछ।

११. **इजाजपत हस्तान्तरण हुन नसक्ने :** कुनै व्यक्तिको नाउँमा कुनै खास प्रयोजनको निमित्त जारी गरिएको निकासी वा पैठारीको इजाजतपत्र अरू कसैलाई हस्तान्तरण गर्न हुँदैन।

१२. **इजाजतपत्र बमोजिम निकासी पैठारी गर्नेको कर्तव्य :** (१) व्यापारिक प्रयोजनको लागि इजाजतपत्र पाउनेले निकासी इजाजतपत्र बमोजिम तोकिएको मालवस्तु चलान गरेकोमा सो मितिले सात दिनभित्र अनुसूची-५ बमोजिमको ढाँचामा र पैठारी इजाजतपत्र बमोजिम तोकिएको मालवस्तु पैठारी गरेकोमा त्यस्को सात दिनभित्र असुसूची-६ बमोजिमको ढाँचामा विवरण भरी महानिर्देशक ➔........ र नेपाल सरकारले तोकेको अन्य अधिकारी वा कार्यालयसमक्ष पठाउनु पर्नेछ।

(२) उप–नियम (१) बमोजिमको विवरण नपठाई पैठारी गरेको मालवस्तु बिक्री वितरण गर्न हुँदैन।

१३. **इजाजतपत्र स्थगित वा बदर गर्ने अधिकार :** (१) इजाजतपत्र जारी गर्ने अधिकारीले देहायको अवस्थामा इजाजतपत्रलाई स्थगित वा बदर गर्न सक्नेछ:—

---

✱ पहिलो संशोधनद्वारा संशोधित।

➔ तेस्रो संशोधनद्वारा झिकिएको।

(क) इजाजतपत्र जारी हुँदा कुनै व्यहोरा फरक परी इजाजतपत्र जारी हुन गएको छ भन्ने कुरा इजाजतपत्र जारी गर्ने अधिकारीलाई लागेमा,

(ख) इजाजपत्र प्राप्त गर्नको निमित्त पेश गरेको दरखास्तको कुनै कुरा झुट्टा हो भन्ने इजाजतपत्र जारी गर्ने अधिकारीले ठहराएमा,

(ग) नियम १४ बमोजिम इजाजतपत्र पाउनेबाट बञ्चित गरिएको व्यक्तिको नाउँमा इजाजतपत्र जारी भएको पाइएमा,

(घ) इजाजतपत्र प्राप्त व्यक्तिले ऐन वा यी नियमहरूमा लेखिएको कुनै कुरा उल्लङ्घन गरेमा वा इजाजतपत्रमा तोकिएको कुनै शर्त विपरित काम गरेमा।

(२) यी नियमहरूमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निकासी पैठारी व्यापारलाई बढी सुदृढ तुल्याउनु पर्ने विशेष अवस्था परेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी यी नियमहरू अन्तर्गत जारी भएको सबै वा कुनै इजाजतपत्र स्थगित गर्न वा बदर गर्न सक्नेछ।

१४. **<u>इजाजतपत्र पाउनबाट बञ्चित गर्ने अधिकार</u> :** कुनै व्यक्तिले निम्नलिखित कुनै काम गरेको छ भन्ने इजाजतपत्र जारी गर्ने अधिकारीले ठहऱ्याएमा त्यस्तो व्यक्तिलाई बढीमा तीन वर्षको लागि इजाजतपत्र पाउनबाट बञ्चित गर्न सक्नेछः—

(क) इजाजतपत्र पाउनको लागि प्रमाण लाग्ने लिखतहरूमा कुनै अनधिकृत तवरबाट थपघट वा केरमेट गरेको,

(ख) इजाजतपत्र जारी गर्ने अधिकारी वा निजको कार्यालयको कुनै कर्मचारीलाई रिश्वत दिएको,

(ग) इजाजतपत्र प्राप्त नगरी तोकिएको मालवस्तु निकासी वा पैठारी गरेको,

(घ) इजाजतपत्र लिनको निमित्त महानिर्देशकको कार्यालयमा दरखास्त दिंदा कुनै झुट्टा लिखत पेश गरेको,

(ङ) इजाजतपत्र जारी गर्ने अधिकारीलाई झुक्याई एउटै व्यक्तिले विभिन्न नाउँबाट दरखास्त दिएको,

(च) यी नियमहरू उल्लङ्घन गरे बापत ऐन बमोजिम सजाय पाएको,

(छ) चोरी निकासी वा पैठारी, कालोबजार वा विदेशी विनियम सम्बन्धी कुनै कसूर गरे बापत प्रचलित कानून बमोजिम सजाय पाएको,

(ज) नेपाल ⌘....... को लागि पैठारी गरेको मालवस्तु अन्य मुलुकमा लगेको वा बेच—बिखन गरेको,

(झ) तोकिएको मालवस्तु निकासी पैठारी गर्दा बीजकमा वास्तविक मोल घटाई वा वढाई देखाएको।

१५. **इजाजतपत्रमा उल्लिखित मालवस्तुको वास्तविक मूल्यः** इजाजतपत्रमा उल्लिखित मालवस्तुको वास्तविक मूल्य भन्सार सम्बन्धी प्रचलित कानूनको अधीनमा रही भन्सार कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ र इजाजतपत्रमा उल्लेख भएको भन्सारको प्रयोजनको लागि मालवस्तुको परिमाण वा मूल्य भन्ने महलमा तोकिएको परिमाण वा मूल्य वा दुवैमा नबढाई सो भन्सार कार्यालयले मालवस्तु निकासी वा पैठारी गर्न दिनेछ।

१६. **उजूरी :** (१) यी नियमहरू अन्तर्गत इजाजतपत्र जारी गर्ने अधिकारीले गरेको कुनै निर्णय वा आदेशमा चित्र नबुझ्ने व्यक्तिले सो निर्णय वा आदेशको सूचना पाएको पैंतीस दिनभित्र नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा उजूर गर्न सक्नेछ। उजूरीपत्रमा उजूरवालाले आफ्नो नाम र ठेगाना, उजूरीको विषय, आफ्नो माग र उजूरीको आधार स्पष्ट तवरले उल्लेख गरेको हुनुपर्छ र प्रमाणको निमित्त सम्बन्धित सबै लिखतहरूको प्रतिलिपि पनि उजूरीपत्रसाथ पेश गर्नुपर्छ।

(२) उप—नियम (१) बमोजिमको उजूरीको प्रतिलिपि इजाजतपत्र जारी गर्ने अधिकारीकहाँ पनि पठाउनुपर्छ ।

⌘ चौथो संशोधनद्वारा झिकिएको।

१७. **<u>अनुसूचीमा हेरफेर गर्ने अधिकार</u> :** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची हेरफेर गर्न सक्नेछ।

१८. **<u>खारेजी र बचाउ</u> :** (१) निकासी पैठारी (नियन्त्रण) नियमहरू, २०२० खारेज गरिएको छ।

(२) निकासी पैठारी (नियन्त्रण) नियमहरू, २०२० अन्तर्गत जारी भएका इजाजतपत्रहरू यसै नियमहरू अन्तर्गत जारी भएको मानिनेछ।

---

<u>द्रष्टव्यः</u>

(१) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरुः "श्री ५को सरकार" को सट्टा "नेपाल सरकार" ।

(२) तेस्रो संशोधनद्वारा रूपान्तर भएका शब्दहरुः—

(क) "निकासी पैठारी नियन्त्रक" र "निर्देशक तथा नियन्त्रक" को सट्टा "महानिर्देशक" ।

(ख) "उद्योग वाणिज्य मन्त्रालय" र "उद्योग तथा वाणिज्य मन्त्रालय" को सट्टा "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय"।

(ग) ":inistry of Industries and Co::erce" को सट्टा ":inistry of Industry, Co::erce and Supplies" ।

(घ) "Director-cu:-controller" को सट्टा "Director General" ।

नेपाल कानून आयोग

फाराम — क

## अनुसूची-१

## (नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

## व्यापारिक प्रयोजनको निमित्त निकासी गर्न भर्नुपर्ने दरखास्त फाराम

श्री महानिर्देशकज्यू,

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,

वाणिज्य विभाग ।

१ निकासीकर्ताको नाम र ठेगानाः— मिति :—

२. फर्म वा कम्पनीको धनीको नाम र ठेगाना :—

३. निकासी गर्न चाहेको वस्तुको विवरणः—

(क) किसिम :—

(ख) परिमाण :—

(ग) बिक्री मूल्य :—

४. निर्यात गरिने मुलुकको नाम :—

५. निकासी गरिने भन्सारको नाम :—

६. विदेशी क्रेताहरूको ठेक्का वा खरीद आदेशपत्र भैसकेको भए तीमध्ये एकको प्रतिलिपि र सो नभए अन्य व्यहोरा :—

७. विदेशी खरिददारहरूको नाम र ठेगानाः—

८. दरखास्तवालाको फर्म वा कम्पनीको रजिष्ट्रेशन नं ......मिति......स्थान

९. अन्तिम पटक भएको नवीकरण मिति :—

१० निकासी गर्ने अवधि :—

११ यस अघि इजाजतपत्र प्राप्त गरेको भए सोको विवरण :—

१२. दरखास्तवालाले दस्तखत गर्न पाउने गरी निजलाई फर्म वा कम्पनीले लेखिएको अधिकारपत्रको सङ्ख्या .........

मिति ...............

१३ अन्य आवश्यक विवरण : —

म/हामी कबुलियत गर्दछु/गर्दछौं कि माथि उल्लिखित कुराहरू आफूले जानेसम्म साँचो र ठीक छन् । यसमा दिएको विवरण झुट्टा अथवा बेठीक ठहरेमा मेरो/हाम्रो नाउँमा जारी गरिएको इजाजतपत्र बदर गरिएमा मलाई/हामीलाई मन्जुर छ । उपरोक्त कबुलियतको समर्थनको निमित्त इजाजतपत्र दिने अधिकारीले मागेको कागजपत्रहरू दिन म/हामी तयार छु/छौं ।

यो इजाजतपत्रबाट निकासी भएको मालवस्तुको भुक्तानी बैङ्क मार्फत हुनेछ ।

मैले/हामीले यस कार्यालयलाई बुझाउनु पर्ने कुनै रकम बाँकी छैन ।

मिति : — दरखास्तवालाको अङ्क

---

कार्यालयको प्रयोगको लागि मात्र

यस दरखास्त बमोजिमको इजाजतपत्र जारी गर्न नियमानुसार मुनासिब छ ।

पेश गर्ने कर्मचारीको दस्तखत इजाजत जारी गर्न आदेश दिने अधिकृतको दस्तखत

______________________ ______________________

यस दरखास्त बमोजिमको इजाजतपत्र जारी गर्न नियमानुसार नमिल्ने कारणहरू :—

पेश गर्ने कर्मचारीको दस्तखत आदेश दिने अधिकृतको दस्तखत

फाराम — ख

**अनुसूची-१**

**(नियम ४ को उप—नियम (१) सँग सम्बन्धित)**

**नेपालबाट व्यक्तिगत प्रयोजनको निमित्त निकासी गर्न भर्नुपर्ने दरखास्त फाराम**

मिति : —

श्री महानिर्देशकज्यू

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,

वाणिज्य विभाग ।

देहायको विवरणको मालवस्तु निकासी गर्न आवश्यक परेकोले निम्नलिखित व्यहोरा खुलाई यो दरखास्त पेश गरेको छु ।

१. निकासी गर्ने व्यक्तिको नामः—

ठेगाना : — स्थायी : —

अस्थायी : —

२. निकासी गरिने वस्तुको विवरण : —

(क) नाम : —

(ख) किसिम : —

(ग) सङ्ख्या : —

(घ) मूल्य : —

(ङ) प्रयोजन : —

३. नेपालबाट निर्यात हुने संभावित मिति : —

४. यस अघि निकासी इजाजतपत्र प्राप्त गरेकोमा : —

(१) निकासी इजाजतपत्र नं : —

(२) वस्तु : —

५. अन्य विवरण : —

६. उपर्युक्त विवरण साँचो हो र उपर्युक्त वस्तु निजी प्रयोगको लागि हो सो फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला।

दरखास्तवालाको सहीछाप

फाराम — क

## अनुसूची-२

**(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)**

नेपाल सरकारको कार्यालय, संस्थान, समिति तथा

आयोजनाले पैठारी गर्न भर्नु पर्ने

**दरखास्त फाराम**

श्री महानिर्देशकज्यू,

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग।

१ कार्यालय, संस्थान, समिति वा आयोजनाको नाम : —

ठेगानाः—

२. पैठारी गरिने वस्तु विवरण : —

(क) किसिम : —

(ख) परिमाण : —

(ग) मूल्य : —

३. पैठारी गरिने वस्तु प्रयोग गरिने क्षेत्र : —

४. पैठारी गरिने वस्तुको लागि आवश्यक पर्ने विदेशी मुद्राको स्रोत : —

(क) नेपाल सरकार, अर्थ मन्त्रालय भए सोको पत्रको पत्र सङ्ख्या ..... मिति .....

(ख) सहायता अन्तर्गत (सम्झौतापत्रको प्रतिलिपि संलग्न हुनु पर्ने) : —

(१ सहायताको कुल रकम : —

(२) सम्झौता अवधि : —

(३) सम्झौता अन्तर्गत अन्य इजाजतपत्र प्राप्त गरिसकेको भए इजाजतपत्र नं. ............

(४) मूल्य .......................................................

(ग) ऋण कार्यक्रम अन्तर्गत (सम्झौताको प्रतिलिपि संलग्न हुनु पर्ने) : —

(१) ऋणको कुल रकम : —

(२) सम्झौता अवधि : —

(३) सम्झौता अन्तर्गत इजाजतपत्र प्राप्त गरिसकेको भए इजाजतपत्र पत्र नं.

(४) मूल्य : —..................................................

(घ) अन्य विवरण : —

५. पैठारी गरिने माल बनाउने मुलुक : —

६. पैठारी गरिने माल चलान गर्ने मुलुक : —

७. चलान हुने सम्भावित मिति : —

८. पैठारी हुने भन्सारको नाम : —

९. पैठारी हुने माल सम्बन्धित भन्सारमा आई पुग्ने सम्भावित मिति : —

मिति : — दरखास्तमा सही गर्ने व्यक्तिको

नाम र दर्जा : —

नेपाल कानून आयोग

फाराम — ख

## अनुसूची-२

**(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)**

**व्यापारिक प्रयोजनको लागि पैठारी गर्न भर्नु पर्ने**

**<u>दरखास्त फाराम</u>**

मिति : —

श्री महानिर्देशकज्यू

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,

वाणिज्य विभाग ।

१ दरखास्तवालाको पूरा विवरण : —

(क) दरखास्तवालाको नाम : —

(ख) पूरा ठेगाना : —

(ग) दर्ता भएको कार्यालयको नाम, ठेगाना : —

(घ) दर्ता नम्बर .................. मिति ..................

(ङ) अन्तिम पटक नवीकरण भएको मिति ............ स्थान.................

(च) सञ्चालक, हिस्सेदार वा धनीको नाम : —...................................

२. पैठारी गर्न चाहेको मालवस्तुको विवरण : —

(क) किसिम : —

(ख) परिमाण : —

(ग) मूल्य : —

३. विदेशी बिक्रेतासँग सम्झौता भएको भए सोको प्रतिलिपि सो नभए अन्य विवरण :—

४. पैठारी गरिने माल बनाउने देश : —

नेपाल कानून आयोग

५. पैठारी गरिने माल चलान गर्ने देशको नाम : —

६. पैठारी हुने माल चलान हुने मिति : —

७. पैठारी हुने भन्सारको नाम : —

८. पैठारी हुने भन्सारमा आइपुग्ने सम्भावित मिति : —

९. पैठारी व्यवस्थालाई चाहिने विदेशी मुद्राको स्रोत .................... प.सं..........
मिति.................

१०. पैठारी गर्न चाहेको वस्तुको लागि कुनै कार्यालयको सिफारिस भए सोको प.सं. ......
मिति ............ र कार्यालयको नामः— ...........................

११. अन्य : —

म/हामी कबुलियत गर्दछु/गर्दछौं कि माथि उल्लिखित कुराहरू आफूले जानेसम्म साँचो र ठीक छन्। यसमा दिएको विवरण झुट्टा ठहरेमा म/हामीलाई दिएको इजाजतपत्र बदर गरिएमा मलाई/हामीलाई मन्जुर छ। उपरोक्त कबुलियतका समर्थनको निमित्त इजाजतपत्र दिने अधिकारीले मागेको सम्बन्धित कागजपत्रहरू दिन म/हामी तैयारी छु/छौं । मैले/हामीले यस कार्यालयलाई बुझाउनु पर्ने कुनै रकम बाँकी छैन।

मिति: — दरखास्तवालाको अङ्क र दर्जा

नेपाल कानून आयोग

फाराम — ग

## अनुसूची-२

**(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)**

**औद्योगिक प्रयोजनका लागि पैठारी गर्न भर्नु पर्ने**

**दरखास्त फाराम**

श्री महानिर्देशकज्यू,

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग।

१. उद्योगको विवरण : —

(क) उद्योगको नाम : —

(ख) पूरा ठेगाना : —

(ग) दर्ता भएको कार्यालयको : —

(घ) दर्ता नं. ....................

(ङ) सञ्चालक, हिस्सेदार वा धनीको नाम : —......................

(च) अन्तिम पटक नवीकरण भएको मिति : —..... स्थान : —........

२. पैठारी गर्न चाहेको मालवस्तुको विवरण : —

(क) मालवस्तुको नाम : —

(ख) किसिम : —

(ग) परिमाण : —

(घ) मूल्य : —.....

३. पैठारी गरिने वस्तुको प्रयोजन : —

(क) कच्चा पदार्थ : —



नेपाल कानून आयोग

(ख) पूँजीगत सामान : —

(ग) अन्य : —

४. पैठारी गर्नको लागि आवश्यक पर्ने विदेशी मुद्राको स्रोत : —

(क) नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त पत्र सङ्ख्या........... मिति : —..........................

(ख) अन्यः—.......................

५. पैठारी गरिने वस्तुको लागि सम्बन्धित कार्यालयको सिफारिसपत्र भए सोको पत्र सङ्ख्या ................... र मिति : — ........................

६. पैठारी गरिने माल बनाउने देश : —

७. पैठारी गरिने माल चलान हुने देश : —

८. पैठारी गरिने माल चलान हुने मिति : —

९. पैठारी हुने भन्सारको नाम : —

१०. पैठारी हुने भन्सारमा आइपुग्ने सम्भावित मिति : —

११. अन्य : —

म/हामी कबुलियत गर्दछु/गर्दछौं कि माथि उल्लिखित कुराहरू आफूले जानेसम्म साँचो र ठीक छन् । यसमा दिइएको विवरण झुट्टा ठहरेमा म हामीलाई दिएको इजाजतपत्र बदर गरिएमा मलाई/हामीलाई मन्जुर छ। उपरोक्त कबुलियतको समर्थनको निमित्त इजाजतपत्र दिने अधिकारीले मागेको सम्बन्धित कागजपत्रहरू दिन म/हामी तैयारी छु/छौं र उपरोक्त मालवस्तु मैले/हामीले आफ्नो उद्योगको लागि प्रयोग गर्ने छु/छौं। मैले/हामीले यस कार्यालयलाई बुझाउनु पर्ने कुनै रकम बाँकी छैन।

मिति : — दरखास्तवालाको अङ्क र दर्जा

नेपाल कानून आयोग

फाराम — घ

## अनुसूची-२
### (नियम ४ को उपनियम (१) सँग सम्बन्धित)
### व्यक्तिगत उपभोगका वस्तु पैठारी गर्न भर्नु पर्ने
### दरखास्त फाराम

श्री महानिर्देशकज्यू,
वाणिज्य विभाग, काठमाण्डौ।
महोदय,

देहायको विवरणको मालसामान पैठारी गर्न पैठारी इजाजतपत्रको आवश्यक परेकोले मेरो व्यहोरा तल खुलाई निवेदन गरेको छु। कृपया इजाजतपत्र दिनुहुन अनुरोध गर्दछु।

१. पैठारी गरिने व्यक्तिको नाम : —

ठेगाना : —

२. पैठारी गरिने वस्तुको विवरण : —

(क) नाम : —

(ख) किसिम : —

(ग) सङ्ख्या वा परिमाण : —

३. वस्तुको मूल्य : —

(सि.आई.एफ., सी.एण्ड आई., एफ. ओ. बि., के हो सो खोल्नुपर्छ)

४. (क) नेपालमा पैठारी हुने सम्भावित मिति : —

(ख) पैठारी हुने भन्सारको नाम : —

५. (क) पैठारी गरिने वस्तु बनाउने मुलुक : —

(ख) वस्तु चलान गर्ने मुलुक : —

(ग) चलान हुने सम्भावित मिति : —

६. विदेशी मुद्रा सम्बन्धी विवरण : —

(क) विदेशी मुद्रा नेपाल सरकार वा नेपाल राष्ट्र बैङ्कबाट प्राप्त भएकोमा सम्बन्धित पत्र सङ्ख्या ...... मिति ............ को पत्र संलग्न गरिएको छ। ............. को लागि रू. ............... बराबरको विदेशी मुद्रा पाएको छु।

(ख) विदेशी मुद्राको आर्जन तलव वा भत्ताबाट भएकोमा : —

(१) भत्ता पाउने व्यक्तिको नाम : —

(२) विदेशी मुलुकमा गएको प्रयोजन : —

(३) प्रस्तुत प्रसङ्गमा गएको विदेशी मुलुकको नाम : —

(४) गएको मिति : —

(५) नेपाल फर्केको मिति : —

(६) विदेश बसेको जम्मा अवधि : —

(७) दैनिक/साप्ताहिक/मासिक/वार्षिक प्राप्त हुने भत्ता दर : —

(८) जम्मा आर्जन भएको विदेशी मुद्रा : —

(९) जम्मा बचत हुन आएको विदेशी मुद्रा : —

(१०) राहदानी नम्बर : —

(११) यस दफा ६ को खण्ड (ख) को व्यहोरा प्रमाणित गरिएको .............. कार्यालयको प.सं. ........... मिति : ............ को पत्र संलग्न छ।

(ग) विदेशी मुद्रा सम्बन्धी अरू कुरा खुलाउनु पर्ने भएमा छुट्टै कागजमा खुलाई संलग्न राख्नुपर्छ।

७. अरू विवरण : —

(यसमा बढी कुरा खुलाउनु पर्ने भए छुट्टै कागजमा खुलाई संलग्न राख्नुपर्छ)

उपरोक्त विदेशी मुद्राबाट यस अघि पैठारी इजाजतपत्र प्राप्त गरिएको वस्तुहरूको विवरण :—

पैठारी इजाजतपत्र नं. : —

वस्तुको नाम : —

मूल्य : —

उपरोक्त विवरण ठीक साँचो  हो फरक परेमा कानून बमोजिम सजाय सहुँला बुझाउँला।

निवेदक,

मिति :......................

नेपाल कानून आयोग

**फाराम — क**

**अनुसूची-३**

**(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)**

नेपाल सरकार

S.No.

TELE Address
'JINSI' NEPAL

Govern:ent of Nepal
:inistry of Industy, Co::erce and Supplies
Depart:ent of Co::erce.

Kath:andu, Nepal.

Export License No. CDB/………………………………

……………………………………………………….…………………

…... NEPAL, is / are hereby authorized to export fro: Nepal the goods of which particulars are given below:-

1. Country to which Exported ……………………..………....…
2. Country of origin……………………………..…...…………
3. Description of goods…………………………………………….
4. Quantity…………………………………………………………
5. Approxi:ate value…………………….. (Nepali rupees in figures) Rs………………………(in words)……………..……………..
6. Period of ship:ent……………………
7. Li:iting factor for purposes of clearance through custo:s

<u>Quantity</u>

Value

..........................................................................................................

..........................................................................................................

Director General
Govern:ent of Nepal

---------------------------------------------------------------------------------------------------------------

C.C

1. The Collector of Custo:s, Custo:s House, Calcutta…………………
2. Nepalese Consulate General Calcutta………………………………....
3. Nepal Rastra Bank, Baluwatar, Kath:andu……………………………

4. Border Custo:s Post…………....……...

नेपाल कानून आयोग

फाराम — ख

**अनुसूची-३**

**(नियम ४ (२) सँग सम्बन्धित)**

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

वाणिज्य विभाग

काठमाण्डौं,

नेपाल ।

निकासी इजाजत नं ........................

मिति.............................

श्री ..........................................................लाई निम्न लिखित मालवस्तु निकासी गर्ने अधिकार दिइएको छ ।

(१) माल निकासी गरिने मुलुकको नाम : —

(२) उत्पत्ति स्थान : —

(३) मालको विवरण : —

(४) परिमाण : —

(५) अन्दाजी मूल्य ............. रू. (अङ्क) ........अक्षेरूपी रू .................

(६) माल निकासी गर्ने समय : —

(७) भन्सारको प्रयोजनको लागि मालवस्तुको परिमाण वा मूल्यमा : —

(८) निकासी गर्ने इलाका : —

महानिर्देशक

बोधार्थ :

(१) श्री नेपाल राष्ट्र बैङ्क, केन्द्रीय कार्यालय,
बालुवाटार, काठामाडौं नेपाल।

(२) ➔....................

---

➔ तेस्रो संशोधनद्वारा झिकिएको।

(३) श्री ..................... भन्सार कार्यालय।

नेपाल कानून आयोग

फाराम—क

# अनुसूची-४

## (नियम ४ को उप—नियम (२) सँग सम्बन्धित)

S.No. TELE,
Address

'JINSI' NEPAL

Govern:ent of Nepal

:inistry of Industry, Co::erce & Supplies

Depart:ent of Co::erce

Kath:andu, Nepal.

I:port Licence No. CDB/

Foreign Exchange Clearance Given by GoN

……………………………………………………………………………………

NEPAL, is/ are hereby authorized to i:port into Nepal the goods of which particulars are given below:-

1. Country fro: which consigned……………………….
2. Country of origin…………………………………….
3. Description of goods……………………………….
4. Quantity…………………………………………………
5. Approxi:ate value……….. (in figures)……… No……………
   (in words)………………..
6. Period of ship:ent…………………………………..
7. Li:iting factor for purposes of clearance through custo:s <u>Quantity</u>
   Value
8. Approxi:ate ti:e of arrival at ……………………………………….. Nepal

…………………………………

Director-Geneal

Govern:ent of Nepal

---

C C.

1. The Collector of Custo:s, Custo:s House, Calcutta……..
2. Nepalese Consulate General Calcutta……………
3. Nepal Rastra Bank, Baluwatar, Kath:andu
4. Border Custo:s Post………………………….

फाराम — ख

**अनुसूची-४**

**(नियम ४ को उपनियम (२) सँग सम्बन्धित)**

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

वाणिज्य विभाग,

काठमाण्डौं ।

पैठारी लाइसेन्स नं. .................. मिति ................

विदेशी मुद्राको सम्बन्धमा नेपाल सरकारबाट समर्थन भएको श्री ............................................ लाई निम्नलिखित पदार्थको पैठारी गर्न अधिकार दिइएको छ।

(१) माल पैठारी गरिने मुलुकको नाम : —.................................

(२) उत्पत्ति स्थान : —..............................

(३) मालको विवरण : —.............................

(४) परिमाण : —.............................

(५) अन्दाजी मूल्य रू. मा (अङ्क) .............

(६) अक्षेरूपी रू ..................

(७) भन्सारको प्रयोजनको लागि मालवस्तुको परिमाण वा मूल्यमा : — ........

(८) माल चलान हुने समय : —..............

(९) माल आइपुग्ने अन्दाजी समय : —........................

मिति :.....................

महानिर्देशक

<u>बोधार्थ</u> :

(१) ➔.......................

(२) श्री ............................ भन्सार कार्यालय।

---

➔ तेस्रो संशोधनद्वारा झिकिएको ।



नेपाल कानून आयोग

(३) श्री नेपाल राष्ट्र बैङ्क, केन्द्रीय कार्यालय, वालुवाटार, काठमाण्डौ।

नेपाल कानून आयोग

## अनुसुची-५

**(नियम १२ को उप–नियम (१) सँग सम्बन्धित)**

**निकासी सम्बन्धी वास्तविक विवरण**

| सि.नं. | निकासी इजाजतपत्र पाएको मिति र इजाजपत्रको नम्बर | वस्तुको नाम | इजाजतपत्रमा उल्लेखित मालवस्तुको | | वास्तविक निकासी (निकासी भन्सारमा कायम भए बमोजिम) | | निकासी भएको भन्सारको नाम | निकासी भएको पोर्टको नाम र उक्त पोर्टबाट चलान भएको मिति | वस्तु प्राप्त गर्ने मुलुक र फर्मको नाम | कबुलियत भएको मिति र पत्रसङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | मूल्य | परिमाण | मूल्य | | | | |
| | | | | | | | | | | |

उपरोक्त विवरण ठिक दुरूस्त छ र सम्बन्धित कागजपत्र साथै पेश गरेको छु । झुट्टा ठहरे प्रचलित कानून बमोजिम सजाय सहने बुझाउनेछु ।

कार्यालयको प्रयोगको लागि मात्र

(प्रोप्राइटर वा मेनेजर)

उपरोक्त विवरण ठीक छ । ठीक छैन ।

निम्न बमोजिम कैफियत देखिएको छ ।

नेपाल कानून आयोग

**अनुसूची-६**

**(नियम १२ को उप–नियम (१) सँग सम्बन्धित)**

**पैठारी सम्बन्धी वास्तविक विवरण**

| १ | २ | ३ | ४ | | ५ | | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | पैठारी इजाजतपत्र पाएको मिति इजाजतपत्रको नं | वस्तुको नाम | इजाजतपत्रमा उल्लेखित मालवस्तुको | | वास्तविक पैठारी (भन्सारमा कायम भए बमोजिम) | | पैठारी भएको पोर्ट र मिति | पैठारी भएको भन्सार र मिति | वस्तु बनाउनु मुलुक र निर्माता | वस्तु बिक्री गर्ने फर्म र मुलुक | कबुलियत भएको पत्रसङ्ख्या र मिति | चलान भएको पोर्ट र मिति | विदेशी मुद्रा प्राप्त गरको विवरण | कैफियत |
| | | | परिमाण | मूल्य | परिमाण | मूल्य | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

उपरोक्त विवरण ठिक दुरूस्त छ र सम्बन्धित कागजपत्र साथै पेश गरेको छु। झुट्टा ठहरे प्रचलित कानून बमोजिम सजाय सहने बुझाउँनेछु।

(प्रोप्राइटर वा मेनेजर)

मिति

कार्यालयको प्रयोजनको लागि मात्र

उपरोक्त विवरण ठीक छ।ठीक छैन। देखिएका कैफियत निम्न बमोजिम उल्लेखत गरिएको छ।



नेपाल कानून आयोग